# अर्थ बुलेटिन

वर्ष ५ अंक ८ फागुन, २०८०

नेपाल सरकार
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म संघीय सरकारको कुल राजस्व परिचालन ९.७ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा संघीय सरकारको कुल खर्च २.९ प्रतिशतले वृद्धि भएको छ।
- वैदेशिक सहायता प्रतिवद्धतामा कमी आएको छ।
- कुल वस्तु निर्यात र आयात दुवैमा न्यून दरले कमी आएको छ भने वस्तु व्यापार घाटा २.५ प्रतिशतले सुधार भएको छ।
- व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या वृद्धि भएको छ। कम्पनी दर्ता संख्यामा पनि वृद्धि भएको छ।
- बीमाको दायरामा आएको जनसङ्ख्या केही घटेको छ भने कुल बीमा शुल्क सङ्कलन वृद्धि भएको छ। वैदेशिक रोजगारमा जाने थप कामदारको सङ्ख्या घटे तापनि विप्रेषण आप्रवाहमा वृद्धि भएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति केही घटेको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत वृद्धि भएको छ।
- समग्रमा, बाह्य क्षेत्र सन्तुलन कायम भएको छ भने आन्तरिक क्षेत्र सन्तुलनका लागि थप प्रयास गर्नुपर्ने देखिन्छ। यसका लागि आर्थिक कृयाकलाप विस्तारसँगै राजस्व परिचालन वृद्धि गरी स्रोत व्यवस्थापनलाई प्रभावकारी र मितव्ययी बनाउनु पर्ने देखिन्छ।

**प्रकाशन तथा सम्पादन**

**आर्थिक नीति विश्लेषण महाशाखा**
**सिंहदरवार, काठमाडौं**

## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. ७ खर्ब ७९ अर्ब २३ करोडको तुलनामा २.९ प्रतिशतले वृद्धि भई रु. ८ खर्ब १ अर्ब ५८ करोड पुगेको छ। यस अवधिको चालु र पूँजीगत खर्चमा क्रमशः ४.४ प्रतिशत र ३.६ प्रतिशतले कमी आएको छ भने वित्तीय व्यवस्था तर्फको खर्चमा ६०.५ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षमा आन्तरिक तथा वैदेशिक ऋणको साँवा भुक्तानीमा वृद्धि भएकोले वित्तीय व्यवस्था तर्फको खर्च उल्लेख्य वृद्धि भएको हो।

**तालिका (क): पछिल्लो ५ वर्षको फागुन महिनासम्मको खर्चको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | ४५०८२.२९ | ४५५८१.६ | ५३८४३.५७ | ६०८८४.४५ | ५८२१०.९९ |
| पूँजीगत | ९६८४.८७ | ७९६९.६७ | ७७१४.६८ | ८४२५.६ | ८१२१.४८ |
| वित्तीय व्यवस्था | ६३५२.५६ | ३५५०.८३ | ५९७१.४५ | ८६१२.९६ | १३८२५.८१ |
| **कुल** | **६१११९.७२** | **५७१०२.१** | **६७५२९.७** | **७७९२३.01** | **८०१५८.२८** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

२. चालु आर्थिक वर्षको फागुनसम्मको कुल संघीय सरकारी खर्चमध्ये सबैभन्दा बढी असोज महिनाको खर्च १८.२ प्रतिशत र सबैभन्दा कम साउन महिनाको खर्च ४.४ प्रतिशत रहेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १२१३.५८ | ८२.३१ | २२०७.८१ | ३५०३.७० | ०.०४४ |
| भदौ | ७५५२.७७ | ७३४.०८ | १३२३.५८ | ९९३०.२३ | ०.१२४ |
| असोज | १२५७२.७ | ९६६.९२ | १४०३.५१ | १४६२३ | ०.१८२ |
| कात्तिक | ५७७८.४३ | १२१५.६३ | ५१२.०९ | ७५०६.१५ | ०.०९४ |
| मङ्सिर | ८८८२.५३ | ६०७.०६ | २४७.०१ | ९७३६.६० | ०.१२१ |
| पुस | ८३०५.०० | १४३९.०० | २३१९.०० | १२०६३.०० | ०.१५० |
| माघ | ६५९९.२२ | १३१२.८९ | ३४००.२६ | ११३१२.३७ | ०.१४१ |
| फागुन | ७३०६.७७ | १७६३.५९ | २४१२.५५ | ११४८२.९१ | ०.१४३ |
| जम्मा | ५८२१०.९९ | ८१२१.४८ | १३८२५.८१ | ८०१५८.२८ | १.००० |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

http://www.mof.gov.np इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं. : ०१-४२११३२५

## राजस्व परिचालन


२. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्ममा संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको कुल राजस्व रु. ५ खर्ब ८२ अर्ब ७७ करोडको तुलनामा ९.७ प्रतिशतले वृद्धि भई रु. ६ खर्ब ३९ अर्ब ५ करोड सङ्कलन भएको छ। कुल राजस्वमा कर र गैरकर राजस्वको योगदान क्रमशः ९०.६ प्रतिशत र ९.४ प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ६ खर्ब ६१ अर्ब ७ करोड रहेको छ। गत आ.व.को सोही अवधिमा यस्तो रकम रु. ६ खर्ब १७ अर्ब ९८ करोड रहेको थियो।

**तालिका (ग): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको राजस्व परिचालनको स्थिति (रु. करोडमा)**

| विवरण/आ.व. | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| कर | ४९७५४.४४ | ५२७६६.९२ | ६२८४०.४७ | ५२६४७.२६ | ५७८६७.२६ |
| गैरकर | ४९२९.७२ | ४३५३.४२ | ५६२९.४८ | ५६२९.८६ | ६०३७.३५ |
| **कुल राजस्व** | **५४६८४.१६** | **५७१२०.३४** | **६८४६९.९४** | **५८२७७.१२** | **६३९०४.६१** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।


**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय।

४. आर्थिक वर्ष २०७९/८० को पुस महिनासम्म नेपाल सरकारले आयात नियन्त्रण गर्न चालेका कदमबाट सो आर्थिक वर्षको फागुनसम्मको भन्सारजन्य राजस्वमा कमी आउँदा समग्र राजस्व सङ्कलनमा १४.९ प्रतिशतले कमी आएको थियो भने चालु आर्थिक वर्षमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा कमी आए तापनि समग्र राजस्व सङ्कलनमा ९.७ प्रतिशतले वृद्धि भएको छ।

### चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको फागुन महिनासम्मको सङ्कलित राजस्वको संरचना




स्रोतः अर्थ मन्त्रालय।

५. गत आर्थिक वर्षको पहिलो आठ महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिको कुल राजस्वमा आय कर, भन्सार महशुल र शिक्षासेवा शुल्कको योगदान वृद्धि भएको छ भने अन्त:शुल्क, मूल्य अभिवृद्धि कर र गैर करको हिस्सा घटेको छ।

### तालिका (घ): पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्मको राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

| कर शीर्षक | आ.व.२०७९/८० को सङ्कलन | आ.व. २०८०/८१ को वार्षिक लक्ष्य | आ.व. २०८०/८१ को लक्ष्य र असूली | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन प्रतिशत | फागुन महिनासम्मको लक्ष्यको सङ्कलन प्रतिशत | वार्षिक प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| | | | फागुनसम्मको लक्ष्य | फागुनसम्मको संकलन | | | |
| भन्सार महशुल | ११४६८.१५ | ३०७४३.७७ | २०८४५.६३ | १२७४७.६७ | ४१.५ | ६१.२ | ११.२ |
| मूल्य अभिबृद्धि कर | १७६३१.७७ | ४२५८९.१४ | २५९६०.४९ | १९०७३.१८ | ४४.८ | ७३.५ | ८.२ |
| उत्पादन, बिक्री, सेवा | ६८८०.५१ | १५७२१.६२ | ८८९७.४९ | ७५३३.७३ | ४७.९ | ८४.७ | ९.५ |
| पैठारी | १०७५१.२६ | २६८६७.५२ | १७०६३.०१ | ११५३९.४५ | ४२.९ | ६७.६ | ७.३ |
| अन्तःशुल्क | ९०३२.२३ | २०७२२.१४ | १२१०३.९८ | ९१०४.७८ | ४३.९ | ७५.२ | ०.८ |
| आन्तरिक उत्पादन | ६९६२.७७ | १५५५८.५५ | ८८०५.२० | ६७१५.८३ | ४३.२ | ७६.३ | -३.५ |
| पैठारी | २०६९.४६ | ५१६३.५९ | ३२९८.७८ | २३८८.९६ | ४६.३ | ७२.४ | १५.४ |
| शिक्षा सेवा शुल्क | १०६.४१ | २८१.०२ | १५९.०४ | २०७.७१ | ७३.९ | १३०.६ | ९५.२ |
| आयकर | १४४०८.७० | ३६२११.८९ | २०४९३.७४ | १६७३३.९० | ४६.२ | ८१.७ | १६.१ |
| आयकर | १२०२२.५३ | ३०२३१.६२ | १७१०९.२७ | १४०३२.१२ | ४६.४ | ८२.० | १६.७ |
| ब्याज कर | २३८६.१७ | ५९८०.२७ | ३३८४.४७ | २७०१.७८ | ४५.२ | ७९.८ | १३.२ |
| कर राजस्व जम्मा | ५२६४७.२६ | १३०५४७.९६ | ७९५६२.८८ | ५७८६७.२५ | ४४.३ | ७२.७ | ९.९ |
| गैर कर जम्मा | ५६२९.८६ | ११७०६.२१ | ६८४२.६४ | ६०३७.३५ | ५१.६ | ८८.२ | ७.२ |
| कूल राजस्व | ५८२७७.१२ | १४२२५४.१७ | ८६४०५.५२ | ६३९०४.६० | ४४.९ | ७४.० | ९.७ |
| अन्य प्राप्ति | ३५२०.७९ | ०.०० | ०.०० | २२०२.८८ | - | - | -३७.४ |
| जम्मा राजस्व/प्राप्ति | ६१७९७.९१ | १४२२५४.१७ | ८६४०५.५२ | ६६१०७.४९ | ४६.५ | ७६.५ | ७.० |

स्रोतः अर्थ मन्त्रालय।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. गत आर्थिक वर्षको फागुन महिनासम्मको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा शिक्षा सेवा शुल्कमा उल्लेख्य वृद्धि भएको छ भने आन्तरिक तर्फको अन्तशुल्क सङ्कलनमा केही कमी आएको छ। अन्य शीर्षकका कर सङ्कलनमा वृद्धि भएको छ।

७ चालु आर्थिक वर्षको फागुन महिनासम्म शिक्षा सेवा शुल्क मात्र लक्ष्यभन्दा बढी सङ्कलन भएको छ। यस अवधिको कुल राजस्व लक्ष्यको ७४.० प्रतिशत सङ्कलन भएको छ भने वार्षिक राजस्व लक्ष्यको ४४.९ प्रतिशत राजस्व सङ्कलन भएको छ।

## संघीय राजस्व

८. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब ८ अर्ब ९९ करोडको तुलनामा १०.४ प्रतिशतले वृद्धि भई रू. ५ खर्ब ६१ अर्ब ८८ करोड पुगेको छ। यस अवधिमा आन्तरिक तर्फको अन्तःशुल्क सङ्कलनमा कमी आए तापनि प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ७३ अर्ब ७८ करोडको तुलनामा ४.९ प्रतिशतले वृद्धि भई रू. ७७ अर्ब ३७ करोड पुगेको छ।

## करको दायरा विस्तार

९. २०८० फागुनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ६० लाख ४८ हजार ८ सय ८९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६७.१ प्रतिशत रहेको छ भने व्यावसायिक स्थायी लेखा नम्बर र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर लिने कर दाताको संख्या क्रमशः ३२.४ प्रतिशत र ०.५ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख २६ हजार ८ सय ४३ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख २३ हजार ५ सय ८६ पुगेको छ।

**तालिका (ङ): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७९ फागुनसम्म | २०८० फागुनसम्म | हालसम्मको जम्मा |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (BPAN) | १८७६३०५ | १०१३९५ | ८०९५३ | १९५७२५८ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | २८१०७ | ६८६० | ३७३३ | ३१८४० |
| व्यक्तिगत स्थायी लेखा नम्बर (PPAN) | ३६४९६१४ | ४०२११२ | ४१०१७७ | ४०५९७९१ |
| **जम्मा स्थायी लेखा नम्बर** | **५५५४०२६** | **५१०३६७** | **४९४८६३** | **६०४८८८९** |
| मू.अ.कर | ३०८४७७ | १६०७९ | १८३६६ | ३२६८४३ |
| अन्तः शुल्क | ११६६७५ | ८०६१ | ६९११ | १२३५८६ |

स्रोतः आन्तरिक राजस्व विभाग ।


#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।

## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

१०. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको तुलनामा २६.२ प्रतिशतले कमी आई रु. १ खर्ब १ अर्ब २० करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ खर्ब ३७ अर्ब १२ करोड रहेको थियो।

११. कुल वैदेशिक सहायता प्रतिवद्धतामध्ये अनुदान सहायता ४०.० प्रतिशत र ऋण सहायता ६०.० प्रतिशत रहेको छ। यस अवधिमा भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी एशियाली विकास बैंकबाट ४७.० प्रतिशत रहेको छ। साथै, यस अवधिमा प्राप्त भएको वैदेशिक सहायता प्रतिवद्धतामध्ये सबैभन्दा बढी बजेटरी सहायता क्षेत्रमा २१.५ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून सामाजिक क्षेत्रमा रहेको छ।

**चार्ट (ग): चालु आर्थिक वर्षको फागुन महिनासम्मको कुल वैदेशिक सहायता प्रतिवद्धताको क्षेत्रगत संरचना (प्रतिशतमा)**




स्रोतः अर्थ मन्त्रालय।

१२. संघीय सरकारले आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनामा आन्तरिक ऋण रु. १ खर्ब ६३ अर्ब ३१ करोड र बाह्य ऋण रु. ५५ अर्ब ५६ करोड गरी कुल २ खर्ब १८ अर्ब ८७ करोड कुल ऋण प्राप्त गरेको छ।

१३. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. १ खर्ब २ अर्ब ९७ करोड र बाह्य ऋणतर्फ रु. २३ अर्ब ७ करोड गरी कुल १ खर्ब २६ अर्ब ४ करोड कुल साँवा भुक्तानी गरेको छ भने यस अवधिमा आन्तरिक ऋणतर्फ रु. ४३ अर्ब ६८ करोड र बाह्य ऋणतर्फ रु. ५ अर्ब ८० करोड गरी कुल रु. ४९ अर्ब ४८ करोड ब्याज भुक्तानी गरेको छ।

१४. चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको कुल तिर्न बाँकी ऋण रु. २३ खर्ब ८८ अर्ब २६ करोड रहेको छ। जसमध्ये आन्तरिक ऋण ४९.६ प्रतिशत र बाह्य ऋण ५०.४ प्रतिशत रहेको छ।

## वित्तीय क्षेत्र

१५. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ७.६ प्रतिशतले वृद्धि भएको छ यस अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ४.२ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ५.५ प्रतिशतले वृद्धि भएको थियो भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २.८ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म वार्षिक विन्दुगत आधारमा निक्षेप तथा निजी क्षेत्रमा जाने कर्जा प्रवाह क्रमशः १४.६ प्रतिशत र ५.२ प्रतिशतले वृद्धि भएको छ।

१६. २०७९ फागुनसम्म बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १२० रहेकोमा गाभ्ने/गाभिने प्रकृया मार्फत् २०८० फागुनसम्ममा यस्तो संख्या ११० कायम भएको छ। २०७९ फागुनसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ११, ६२९ रहेकोमा २०८० फागुनमा यस्तो शाखा सङ्ख्या ११,५९३ कायम रहेको छ।

## बीमा क्षेत्र

१७. चालु आर्थिक वर्षको फागुन महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.७ प्रतिशतले कमी आई १ करोड ५७ लाख ६६ हजार ६ सय ३५ रहेको छ। वैदेशिक रोजगार बीमालेखको संख्यामा वृद्धि भए तापनि अन्य जीवन बीमा लेखमा कमी आउँदा कुल जीवन बीमालेखमा कमी आएको कारण कुल बीमालेख सङ्ख्यामा कमी आएको हो। कुल बीमालेख मध्ये जीवन बीमालेख (म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख सहित) र निर्जीवन बीमालेखको हिस्सा क्रमशः ८७.६ प्रतिशत र १२.४ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा उक्त हिस्सा क्रमशः ८८.२ प्रतिशत र ११.८ प्रतिशत रहेको थियो।

१८. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.४ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २४ अर्ब ८६ करोड रहेको छ। गत आर्थिक वर्षमा उक्त रकम रू. १ खर्ब १९ अर्ब ६० करोड रहेको थियो।


१९. यस अवधिको बीमा प्रिमियम रकममा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ७९.० प्रतिशत र २१.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको फागुनसम्म उक्त हिस्सा क्रमशः ७८.४ प्रतिशत र २१.६ प्रतिशत रहेको थियो।

२०. चालु आर्थिक वर्षको फागुनसम्म जारी भएको म्यादी जीवन बीमालेख र वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या ४३.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त जनसङ्ख्या ४४.१ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२१. २०७६ फागुन महिनामा १३७७.१८ विन्दुमा रहेको नेप्से सूचकाङ्क लगातार वृद्धि हुँदै २०७८ फागुनमा २६६८.१२ विन्दु कायम भएको थियो। २०७९ फागुनमा नेप्से सूचकाङ्क ओरालो लाग्दै १९५३.०६ विन्दु कायम भएकोमा २०८० फागुनमा केही सुधार भई २१०८.७३ विन्दु कायम भएको छ। चालु आर्थिक वर्षको यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण १७.४ प्रतिशतले वृद्धि भई रु. ३३ खर्ब १४ अर्ब ६३ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम २५.४ प्रतिशतले न्यून भई रु. २५ खर्ब २३ अर्ब ६८ करोड रहेको थियो।


चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको फागुन मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड।

२२. २०८० फागुन महिनाको २ गते २०७०.५९ विन्दुमा रहेको नेप्से सूचकाङ्क विभिन्न उतार चढावको बीच महिनाको अन्तिम कारोवार भएको दिन फागुन ३० गते २१०८.७३ विन्दु कायम भएको छ। फागुन महिनामा नेप्से सूचकाङ्क सबैभन्दा बढी २१११.२१ विन्दु र सबैभन्दा कम १९६०.३१ विन्दुमा रहेको थियो।

चार्ट (ङ): २०८० फागुन महिनाको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## मूल्य स्थिति

२३. २०८० फागुन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति ४.८ प्रतिशत रहेको छ। गत वर्षको सोही अवधिमा यस्तो मुद्रास्फिति ७.४ प्रतिशत रहेको थियो।

२४. २०८० फागुनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ५.९ प्रतिशत र गैर–खाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ५.६ प्रतिशत र ८.९ प्रतिशत रहेको थियो ।

## मुद्रा प्रदाय

२५. वार्षिक विन्दुगत आधारमा २०८० फागुन मसान्तमा विस्तृत मुद्राप्रदाय १४.० प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनासम्म विस्तृत मुद्रा प्रदाय ७.७ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्रा प्रदाय ५.१ प्रतिशतले बढेको थियो।

## बाह्य क्षेत्र

२६. पछिल्लो पाँच आर्थिक वर्षको फागुन महिनाको वस्तु निर्यातको तथ्याङ्क विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्म नेपालको कुल वस्तु निर्यात वृद्धि हुँदै गएकोमा त्यसपछिका आर्थिक वर्षहरुमा घट्दो प्रवृत्तिमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा निर्यात आयात अनुपात ११.३ प्रतिशत रहेको थियो भने कुल व्यापारमा निर्यातको अंश १०.१ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनासम्म यस्तो अनुपात क्रमशः ९.८ प्रतिशत र ८.९ प्रतिशत रहेको छ।

**तालिका (च): पछिल्लो पाँच आर्थिक वर्षको फागुन महिनासम्मको वस्तु व्यापारको विवरण (मूल्य रु. करोडमा)**

| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| आयात | ९२,४२४.२३ | ९४,३९८.७० | १३०,८७३.४३ | १०५८३८.३५ | १०३०२२.३७ |
| निर्यात | ७,४९०.६७ | ८,०७७.७७ | १४,७७४.५५ | १०४७९.५३ | १००६१.६३ |
| कुल व्यापार | ९९,९१४.९० | १०२,४७६.४७ | १४५,६४७.९८ | ११६,३१७.८८ | ११३,०८४.०० |
| व्यापार घाटा | ८४,९३३.५६ | ८६,३२०.९३ | ११६,०९८.८८ | ९५,३५८.८२ | ९२,९६०.७४ |
| निर्यात आयात अनुपात (प्रतिशतमा) | ८.१ | ८.६ | ११.३ | ९.९ | ९.८ |
| कुल व्यापारमा निर्यातको अंश (प्रतिशतमा) | ७.५ | ७.९ | १०.१ | ९.० | ८.९ |
| कुल व्यापारमा आयातको अंश (प्रतिशतमा) | ९२.५ | ९२.१ | ८९.९ | ९१.० | ९१.१ |

स्रोतः भन्सार विभाग।

## वस्तु निर्यात

२७. आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनामा कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ४.० प्रतिशतले संकुचित भई रु. १ खर्ब ६२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निर्यात २९.१ प्रतिशतले न्यून भई रु. १ खर्ब ४ अर्ब ७९ करोड रहेको थियो। यस अवधिमा फलामे पाता, प्लाइउड, फलफुलको जुस, तयारी कपडा लगायतका वस्तुको निर्यातमा वृद्धि भएको छ भने प्रशोधित पाम तेल, अलैंची, जुटका बुनिएका कपडा, ऊनी गलैंचा कार्पेट लगायतका वस्तुको निर्यात घटेको छ।

२८. यस अवधिको कुल निर्यातमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको निर्यातको अंश क्रमशः ६८.१ प्रतिशत, १.९ प्रतिशत र ३०.० प्रतिशत रहेको छ। गत वर्ष यस्तो निर्यात क्रमशः ७०.८ प्रतिशत, ०.५ प्रतिशत र २८.७ प्रतिशत प्रतिशत रहेको थियो।

२९. यस अवधिमा भारततर्फ भएको निर्यात ७.७ प्रतिशतले कमी आएको छ भने चीन तर्फको निर्यात उल्लेख्य वृद्धि भएको छ।

**तालिका (छ): पछिल्लो दुई आर्थिक वर्षको फागुनसम्म निर्यात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| फलामे पाता | ४०६.७८ | ८०४.४१ | ९७.८ |
| सेन्थेटिक यार्न | ७७१.५२ | ७४६.९१ | -३.२ |
| उनी गलैंचा कार्पेट | ७३८.२८ | ६९२.८६ | -६.२ |
| तयारी कपडा | ५१२.१ | ५८५.२६ | १४.३ |
| फलफुलको जुस | ३८२.१ | ५३३.४१ | ३९.६ |
| अलैची | ५८६.४७ | ५१७.४६ | -११.८ |
| प्लाइउड | २५८.१७ | ४९३.९७ | ९१.३ |
| प्रशोधित पाम तेल | १५१८.१९ | ४६३.३ | -६९.५ |
| जुटका बुनिएका कपडा | ३४२.२० | ३१०.८९ | -९.१ |
| जमोठ कपडा | ३२४.६९ | ३०८.४५ | -५.० |
| अन्य | ४६३९.०३ | ४६०४.७१ | -०.७ |
| **कुल** | **१०४७९.५३** | **१००६१.६३** | **-४.०** |

स्रोतः भन्सार विभाग ।

## वस्तु आयात

३०. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल वस्तु आयात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.७ प्रतिशतले संकुचित भई रु. १० खर्ब ३० अर्ब २२ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात १९.१ प्रतिशतले कमी आई रु. १० खर्ब ५८ अर्ब ३८ करोड रहेको थियो।

३१. चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा एच.आर सीट, विद्युतबाट संचालित जीप कार र भ्यानहरु, तयारी कपडा, मोवाइल टेलिफोन, एलोपेथीक औषधी लगायतका वस्तुको आयात बढेको छ भने यस अवधिमा सुन, डिजेल, एलपी ग्यास लगायतका वस्तुको आयात घटेको छ।

३२. यस अवधिको कुल आयातमध्ये भारत, चीन र अन्य देशहरूतर्फको आयातको अंश क्रमशः ६२.५ प्रतिशत, १७.४ प्रतिशत र २०.१ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६२.८ प्रतिशत, १२.६ प्रतिशत र २४.६ प्रतिशत रहेको थियो।

३३. यस अवधिमा भारत तर्फको आयात २.८ प्रतिशतले घटेको छ भने चीन तर्फको आयात ३३.७ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ज) : पछिल्लो दुई आर्थिक वर्षको फागुन महिनासम्म आयात भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ९८९५.८३ | ८८८८.९३ | -१०.२ |
| पेट्रोल | ४४१५.९९ | ४४६३.६८ | १.१ |
| एल पि ग्यास | ३८७२.७ | ३५८७.७४ | -७.४ |
| एच.आर.सिट | १००४.४६ | २९४५.९५ | १९३.३ |
| शुद्ध फलाम | २६७०.७६ | २५९१.४२ | -३.० |
| तयारी कपडा | १६६८.७८ | २४११.४६ | ४४.५ |
| मोवाइल टेलिफोन | १८३४.०५ | २०३४.०५ | १०.९ |
| अन्य एलोपेथीक औषधी | १६२६.३४ | १७९६.५६ | १०.५ |
| सुन | ३५८६.१५ | १७५७.८३ | -५१.० |
| विद्युतबाट संचालित जीप कार र भ्यानहरु | ६१९.९२ | १६२४.२२ | १६२.० |
| अन्य | ७४६४३.३७ | ७०९२०.५३ | -५.० |
| **कुल** | **१०५८३८.३५** | **१०३०२२.३७** | **-२.७** |

स्रोतः भन्सार विभाग ।

## व्यापार सन्तुलन

३४. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.५ प्रतिशतले सुधार भई रु. ९ खर्ब २९ अर्ब ६१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १७.९ प्रतिशतले सुधार भई रु. ९ खर्ब ५३ अर्ब ५९ करोड रहेको थियो। नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको हुँदा कुल वस्तु व्यापार सन्तुलनमा वस्तु आयातले मुख्य भूमिका खेल्ने गर्दछ। मूलतः आयात उच्च दरले वृद्धि हुँदा व्यापार घाटा पनि उच्च दरले बढ्ने र आयातमा कमी आउँदा व्यापार घाटामा पनि सुधार हुने प्रवृत्ति छ।


**चार्ट (च):पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग

३५. विगत पाँच आर्थिक वर्षको फागुनसम्मको तथ्याङ्क विश्लेषण गर्दा कोभिड सङ्क्रमण न्यून भए पश्चात् आर्थिक गतिविधिमा भएको विस्तारसँगै आर्थिक वर्ष २०७८/७९ मा वस्तु आयातमा वृद्धि भएको र व्यापार घाटा उच्च भएको देखिन्छ भने त्यसपछिका आर्थिक वर्षमा वस्तु व्यापार घाटामा सुधार भएको छ।

**चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको पहिलो आठ महिनाको कुल वस्तु व्यापारमा निर्यात र आयातको अंश (प्रतिशतमा)**




स्रोतः भन्सार विभाग

३६. नेपालको कुल व्यापारमा निर्यातको अंश न्यून रहेको छ। विगत पाँच आर्थिक वर्षको पहिलो आठ महिनाको तथ्याङ्क विश्लेषण गर्दा कुल व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ सम्म वृद्धि हुँदै आएकोमा त्यस पछिका वर्षमा पुनः घट्न थालेको छ। चालु आर्थिक वर्षको फागुन महिनासम्मको कुल व्यापारमा निर्यात र आयातको अंश क्रमशः ८.९ प्रतिशत र ९१.१ प्रतिशत रहेको छ।

## सेवा व्यापार

३७. आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको सेवा आय रु. १ खर्ब १४ अर्ब ७२ करोडको तुलनामा ३६.३ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ५६ अर्ब ३५ करोड पुगेको छ। यस अवधिमा गत वर्षको सोही अवधिको सेवा खर्च रू. १ खर्ब ७० अर्ब ९३ करोडको तुलनामा १७.९ प्रतिशतले वृद्धि भई रू. २ खर्ब १ अर्ब १७ करोड पुगेको छ।

३८. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म खुद सेवा आय रू. ४ अर्ब ४८ करोडले घाटामा रहेको छ। गत वर्षको सोही अवधिमा खुद सेवा आय रू. ५ अर्ब ५९ करोडले घाटामा रहेको थियो।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३९. चालु आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्यामा १८.४ प्रतिशतले गिरावट आएपनि विप्रेषण आप्रवाह भने वृद्धि भएको छ।

४०. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही अवधिको रू. ७ खर्ब ९४ अर्ब ३२ करोडको तुलनामा २१.० प्रतिशतले वृद्धि भई रू. ९ खर्ब ६१ अर्ब २२ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि भएको थियो। यस अवधिको विप्रेषण आप्रवाह अमेरिकी डलरमा १८.८ प्रतिशतले वृद्धि भएको छ।

४१. चालु आर्थिक वर्षको पहिलो आठ महिनामा अन्तिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कमी आई २ लाख ८६ हजार ९ सय ३२ पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ३ लाख ५१ हजार ७ सय ६१ रहेको थियो। यस अवधिमा पुनः श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्यामा समेत कमी आई १ लाख ८४ हजार २ सय ७८ रहेको छ। कोभिड-१९ को महामारीको समयमा नेपाल आएका श्रमिक पुनः वैदेशिक रोजगारीमा गएका कारण अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको थियो।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४२. आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म शोधनान्तर स्थिति रु. ३ खर्ब २७ अर्ब ५५ करोड बचतमा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. १ खर्ब ४२ अर्बले बचतमा रहेको थियो। विप्रेषण आयमा भएको वृद्धि, भ्रमण आय, आयातमा भएको कमी लगायतका कारण शोधनान्तर वचतमा सुधार भएको हो। त्यसैगरी यस अवधिमा चालु खाता रु. १ खर्ब ६६ अर्ब ८७ करोडले बचतमा रहेको छ। गत वर्षको सोही अवधिमा चालु खाता रू. ५५ अर्ब २८ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४३. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म विदेशी विनिमय सञ्चिति गत वर्षको सोही अवधिको रू. १४ खर्ब १ अर्ब २१ करोडको तुलनामा ३३.७ प्रतिशतले वृद्धि भई रू १८ खर्ब ७२ अर्ब ८२ करोड कायम भएको छ।

४४. आर्थिक वर्ष २०८०/८१ को पहिलो आठ महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४.८ महिनाको वस्तु आयात र १२.४ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको छ।

### विनिमय दर


४५. २०८० असार मसान्तको तुलनामा २०८० फागुन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ ०.७३ प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३२.१४ पुगेको छ। २०८० असार मसान्तमा उक्त विनिमय दर रु. १३१.१७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि

### कम्पनी दर्ता

४६. आर्थिक वर्ष २०८०/८१ को फागुन महिनासम्म दर्ता भएका कम्पनीको संख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.७ प्रतिशतले वृद्धि भई १६,५८६ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कम्पनी दर्ता सङ्ख्या १५,२५२ रहेको थियो।

**चार्ट (ज): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो आठ महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)**




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय ।

### पर्यटक आगमन

४७. सन् २०२४ को मार्च महिनासम्म नेपाल आउने पर्यटकको सङ्ख्या ३३.८ प्रतिशतले वृद्धि भई ३ लाख ४ हजार ६ सय ९३ पुगेको छ। गत वर्षको सोही अवधिमा उक्त सङ्ख्या २ लाख २७ हजार ७ सय ५५ रहेको थियो। २०२३ अगष्टदेखि २०२४ मार्च सम्मको कुल पर्यटक आगमन ७ लाख ८५ हजार ३ सय ६२ रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिको पर्यटक आगमन ५ लाख ५६ हजार ५ सय ४० रहेको थियो।

४८. चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्म पर्यटन क्षेत्रबाट प्राप्त भएको आयमा समेत ४२.१ प्रतिशतले वृद्धि भई रू. ५१ अर्ब ३९ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो आय रू. ३६ अर्ब १६ करोड प्राप्त भएको थियो।

४९. यस अवधिमा भ्रमण व्ययमा समेत ४५.७ प्रतिशतले वृद्धि भई रू. १ खर्ब २२ अर्ब ८१ करोड पुगेको छ। गत वर्षको सोही अवधिमा यस्तो भ्रमण व्यय रकम रु. ८४ अर्ब ३२ करोड रहेको थियो।

### विद्युत खपत

५०. २०८० को फागुन महिनामा ४ लाख ६ हजार २ सय ७९ MW/Hour आयातीत विद्युत सहित कुल विद्युत उपलब्धता ९ लाख ३६ हजार १८ MW/Hour रहेको थियो। यस अवधिको कुल विद्युत माग ९ लाख ८८ हजार ३ सय १९ MW/Hour रहेको थियो। फागुन महिनामा विद्युत निर्यात शुन्यमा झरेको थियो।

## अनुसूची

## चालु आर्थिक वर्षको पहिलो आठ महिनाको मासिक आर्थिक चर/परिसूचकहरु

| सूचक/परिसूचकहरू | आर्थिक वर्ष २०८०/८१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ईकाइ | साउनसम्म | भाद्रसम्म | असोजसम्म | कात्तिकसम्म | मंसिरसम्म | पुससम्म | माघसम्म | फागुनसम्म |
| वास्तविक क्षेत्र | | | | | | | | | |
| आर्थिक वृद्धि | प्रतिशतमा | वार्षिक लक्ष्य ६.० प्रतिशत | | | | | | | |
| **उपभोक्ता मुद्रास्फीति** | **प्रतिशतमा** | **७.५२** | **८.१९** | **७.५** | **५.३८** | **४.९५** | **५.२६** | **५.०१** | **४.८२** |
| खाद्य तथा पेय पदार्थ | प्रतिशतमा | ८.९५ | ९.७४ | ८.३८ | ६.०१ | ५.१ | ५.७७ | ६.५१ | ५.९४ |
| गैर खाद्य तथा सेवा | प्रतिशतमा | ६.४२ | ६.९९ | ६.८१ | ४.८९ | ४.८४ | ४.८५ | ३.८५ | ३.९५ |
| सार्वजनिक वित्त | | | | | | | | | |
| कर राजस्व | रु. करोडमा | ७०१८ | १२७९६ | १९९४६ | २५४३० | ३३७१९ | ४४३५५ | ५१०५० | ५७८६७ |
| गैर कर राजस्व | रु. करोडमा | ८७० | १३१२ | १९६५ | २२३४ | २६२४ | ५२९५ | ५६९१ | ६०३७ |
| **कूल राजस्व** | **रु. करोडमा** | **७८८७** | **१४१०८** | **२१९१२** | **२७६६४** | **३६३४३** | **४९६५०** | **५६७४०** | **६३९०५** |
| अन्य प्राप्ति | रु. करोडमा | ९२६ | १३१६ | १५४६ | १६२६ | १७७४ | १८९० | २१४० | २२०३ |
| **जम्मा राजस्व/प्राप्ति** | **रु. करोडमा** | **८८१४** | **१५४२४** | **२३४५७** | **२९२९०** | **३८११७** | **५१५४०** | **५८८८०** | **६६१०७** |
| बाँटफाँट हुने राजस्व (प्रदेश र स्थानीय तहमा (बाँडफाँट अघिको रोयल्टी बाहेक)) | रु. करोडमा | ९५३ | १८०० | २८०० | ३५५८ | ४६९३ | ५७५६ | ६६७५ | ७७३७ |
| चालु खर्च | रु. करोडमा | १२१४ | ८७६६ | २१३३९ | २७११७ | ३६००० | ४४३०५ | ५०९०४ | ५८२११ |
| पूँजीगत खर्च | रु. करोडमा | ८२ | ८१६ | १७८३ | २९९९ | ३६०६ | ५०४५ | ६३५८ | ८१२१ |
| वित्तीय व्यवस्था | रु. करोडमा | २२०८ | ३५३१ | ४९३५ | ५४४७ | ५६९४ | ८०१३ | ११४१३ | १३८२६ |
| **कुल सार्वजनिक खर्च** | **रु. करोडमा** | **३५०४** | **१३११४** | **२८०५७** | **३५५६३** | **४५३००** | **५७३६३** | **६८६७५** | **८०१५८** |
| तिर्न बाँकी आन्तरिक ऋण | रु. करोडमा | १११६१७ | ११३६६१ | ११७९६६ | ११७९६६ | ११९३६६ | ११९४१३ | ११८४५३ | ११८५५३ |
| तिर्न बाँकी बाह्य ऋण | रु. करोडमा | ११७१७३ | ११७३७५ | ११७७२५ | ११७६३१ | ११८८०७ | १२०३७५ | १२०३८१ | १२०२७४ |
| **कुल तिर्न बाँकी सार्वजनिक ऋण** | **रु. करोडमा** | **२२८७९०** | **२३१०३६** | **२३५६९०** | **२३५५९६** | **२३८१७२** | **२३९७८८** | **२३८८३३** | **२३८८२६** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक ऋण प्राप्ति | रु. करोडमा | १३०६ | ४४२६ | ९७३१ | ९७३१ | ११२३१ | १२८३१ | १५०३१ | १६३३१ |
| बाह्य ऋण प्राप्ति | रु. करोडमा | २७२ | ८१४ | १५६७ | १८७० | ३४६३ | ५१५८ | ५३६९ | ५५५६ |
| **ऋण प्राप्ति (आन्तरिक र बाह्य)** | **रु. करोडमा** | **१५७८** | **५२४०** | **११२९८** | **११६०१** | **१४५९४** | **१७९८९** | **२०४००** | **२१८८७** |
| आन्तरिक ऋणको सावाँ भुक्तानी | रु. करोडमा | २२०८ | ३२८३ | ४२८४ | ४२८४ | ४२८४ | ५९३७ | ९०९७ | १०२९७ |
| बाह्य ऋणको सावाँ भुक्तानी | रु. करोडमा | १२४ | ४६४ | ८६७ | १२६४ | १६८१ | १८०८ | २०१३ | २३०७ |
| **आन्तरिक र बाह्यऋणको सावाँ भुक्तानी** | **रु. करोडमा** | **२३३२** | **३७४८** | **५१५१** | **५५४८** | **५९६५** | **७७४५** | **१११९०** | **१२६०४** |
| अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्वता | रु. करोडमा | १०६३ | १०६३ | १३७८ | ४०६९ | ५८१७ | ५९९८ | ८९४८ | १०१२० |
| स्थायी लेखा नम्बर | (हजारमा) | ५६३१ | ५६९३ | ५७६८ | ५७९७ | ५८५४ | ५९१८ | ५९८० | ६०४९ |

## सार्वजनिक वित्त, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कर राजस्व | प्रतिशतमा | -०.७ | -२.१ | ५.३ | ३.५ | ११.८ | ९.४ | १०.० | ९.९ |
| गैर कर राजस्व | प्रतिशतमा | -४.२ | ०.१ | २.३ | ०.२ | ३.२ | ११.६ | १२.७ | ७.२ |
| **कुल राजस्व** | **प्रतिशतमा** | **-१.१** | **-१.९** | **५.०** | **३.२** | **११.२** | **९.७** | **१०.२** | **९.७** |
| अन्य प्राप्ति | प्रतिशतमा | -११.६ | -२८.६ | -३२.१ | -३२.० | -३५.६ | -३९.२ | -३८.४ | -३७.४ |
| **जम्मा राजस्व/प्राप्ति** | **प्रतिशतमा** | **-२.३** | **-४.९** | **१.४** | **०.३** | **७.५** | **६.५** | **७.२** | **७.०** |
| चालु खर्च | प्रतिशतमा | ११४.५ | -१९.४ | -४.६ | -३.६ | १.६ | -२.७ | -४.२ | -४.४ |
| पूँजीगत खर्च | प्रतिशतमा | -४४.६ | ३९.३ | -९.४ | १४.१ | ६.१ | -५.६ | -४.१ | -३.६ |
| वित्तीय व्यवस्था | प्रतिशतमा | ४६.१ | ७८.८ | ४२.१ | २५.८ | २१.२ | १८.३ | ६३.४ | ६०.५ |
| **कुल सार्वजनिक खर्च** | **प्रतिशतमा** | **५७.४** | **-२.४** | **०.९** | **१.३** | **४.१** | **-०.५** | **२.९** | **२.९** |

## मुद्रा तथा बैंकिङ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विस्तृत मुद्राप्रदाय (M2) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.७ | ११.९ | १३.८ | १४.१ | १४.३ | १४.३ | १३.७ | १४.० |
| संकुचित मुद्राप्रदाय (M1) (वार्षिक बिन्दुगत)) | प्रतिशतमा | -१०.० | -४.० | ३.० | ५.० | २.० | ४.० | ०.० | १.५ |
| एम ३ (M3) (वार्षिक बिन्दुगत) | प्रतिशतमा | १०.८ | १२ | १३.९ | १४.२ | १४.३ | १४.३ | १३.७ | १४.० |
| निक्षेप परिचालन (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ११.९ | १३.२ | १४.९ | १४.३ | १५.० | १४.९ | १४.४ | १४.६ |
| कुल आन्तरिक कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ७.३ | ७.६ | ९ | ८.८ | ८.५ | ८.६ | ८.० | ८.४ |
| निजी क्षेत्रमा प्रवाह भएको कर्जा (वार्षिक बिन्दुगत) | प्रतिशतमा | ३.८ | ४ | ४.८ | ४.४ | ४.५ | ४.९ | ४.७ | ५.२ |
| निक्षेपको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | ८ | ८.१ | ७.९ | ७.८ | ७.६ | ७.३ | ७.० | ६.७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कर्जाको व्याजदर (वाणिज्य बैंक) | प्रतिशतमा | १२.२ | १२.२ | १२.१ | १२ | ११.९ | ११.४ | ११.१ | १०.८ |
| औषत आधारदर (वाणिज्य बैंक) | प्रतिशतमा | १०.१ | १०.१ | ९.९ | ९.७ | ९.६ | ९.४ | ९.१ | ८.८ |
| बैंक तथा वित्तीय संस्थाहरुको शाखा सञ्जाल (सङ्ख्यामा) | (सङ्ख्यामा) | ११५७४ | ११५६७ | ११५७८ | ११५५५ | ११५७० | ११५६७ | ११५८७ | ११५९३ |
| नेप्से सुचकाङ्क (मासिक कारोबार भएको अन्तिम दिनको) | रुपैंयामा | २०३३ | १९६५ | १८६५ | १८५२ | १९९५ | २१२१ | २१२१.८७ | २१०८.७३ |
| बजार पूँजीकरण | रु. करोडमा | ३०४३०१ | २९६१३४ | २८६१५२ | २८५३०१ | ३०७६५२ | ३३३०७५ | ३३०२८४ | ३३१४६३ |
| बीमा प्रिमियम सङ्कलन | रु. करोडमा | २३५९ | ३६२२ | ५१२६ | ६२१८ | ७७५१ | ९३६६ | १०९३९ | १२४८६ |
| बीमाको दायरामा आएको जनसङ्ख्या (म्यादि, लघुम्यादि बैदेशिक रोजगार जीवन बीमालेख सहित) | प्रतिशतमा | ४४ | ४२.२ | ४३.४ | ४३ | ४३.१ | ४३.१ | ४३.१ | ४३.२ |
| बाह्य क्षेत्र | | | | | | | | | |
| चालु खाता | रु. करोडमा | १२९९ | २३५० | ५९०९ | ९६३८ | १४०२३ | १६१६२ | १६१६९ | १६६८७ |
| चालु खाता (अमेरिकी डलरमा) | दश लाखमा | ९८ | १७८ | ४४५ | ७२५ | १०५४ | १२१० | १२१५ | १२५४ |
| शोधनान्तर स्थिति | रु. करोडमा | ३२९० | ५३६१ | ९९०७ | १४७११ | २१०५९ | २७३५२ | २९७७२ | ३२७५५ |
| शोधनान्तर स्थिति (अमेरिकी डलरमा) | दश लाखमा | २४९ | ४०६ | ७४७ | ११०८ | १५८४ | २०६० | २२३९ | २४६४ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | रु. करोडमा | ११६०२ | २२८३७ | ३६५३४ | ४७७९६ | ६१३२५ | ७३३२२ | ८३९०० | ९६१२२ |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | दश लाखमा | ८८० | १७२७ | २७५६ | ३६०२ | ४६१६ | ५५२० | ६३१४ | ७२३५ |
| कुल विदेशी विनिमय सञ्चिति | रु. करोडमा | १५७३१२ | १५९८९० | १६४३०९ | १६९६७८ | १७६७०४ | १८१६५७ | १८४४९४ | १८७२८२ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | दश लाखमा | ११८५२ | १२०१३ | १२३३१ | १२७५४ | १३३०५ | १३६९० | १३८९० | १४१४१ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु आयात) | महिनामा | १२.५ | १२.६ | १२.४ | १३.६ | १४.१ | १४.५ | १४.७ | १४.८ |
| विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा आयात) | महिनामा | १०.३ | १०.३ | १०.३ | ११.३ | ११.८ | १२.१ | १२.३ | १२.४ |
| कुल वस्तु निर्यात | रु. करोडमा | १३५३ | २६४५ | ४०८७ | ५०५६ | ६३२१ | ७४९७ | ८६८३ | १००६२ |
| कुल वस्तु आयात | रु. करोडमा | १२९२४ | २५९७५ | ४०७७६ | ५१२५० | ६४२२१ | ७६८१७ | ८९७९४ | १०३०२२ |
| कुल वस्तु व्यापार घाटा | रु. करोडमा | ११५७१ | २३३३० | ३६६८८ | ४६१९४ | ५७९०० | ६९३२० | ८११११ | ९२९६१ |
| वैदेशिक लगानी आप्रवाह | रु. करोडमा | २६५ | ३०० | ३३८ | ३६५ | ३९३ | ४५४ | ५१९ | ५६३ |
| वैदेशिक लगानी स्वीकृति | रु. करोडमा | ११९३ | १४६२ | १६६० | १८३५ | २०६१ | २२३४ | २२६८ | २९१३ |
| भ्रमण आय | रु. करोडमा | ४३९ | ९३४ | १७०२ | २५७४ | ३३९५ | ३९५६ | ४५४० | ५१३९ |

| भ्रमण खर्च | रु. करोडमा | १७२६ | ३५६० | ५१८० | ६१९२ | ७५७३ | ९२८७ | १०४७५ | १२२८१ |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाह्य क्षेत्र, प्रतिशत परिवर्तन (वार्षिक बिन्दुगत)** | | | | | | | | | |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) | प्रतिशतमा | २५.८ | २२.१ | ३० | २६.४ | २७.६ | २५.३ | २१.६ | २१.० |
| विप्रेषण आप्रवाह (रेमिट्यान्स) (अमेरिकी डलरमा) | प्रतिशतमा | २१.५ | १७.७ | २५.९ | २३.१ | २४.५ | २२.६ | १९.१ | १८.८ |
| कुल विदेशी विनिमय सञ्चिति | प्रतिशतमा | ३१.३ | ३४.५ | ३१.८ | ३६.१ | ३६.७ | ३५.८ | ३३.४ | ३३.७ |
| कुल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | प्रतिशतमा | २५.८ | २८.५ | ३०.४ | ३२.८ | ३५.८ | ३३.२ | ३२.५ | ३२.६ |
| वस्तु निर्यात | प्रतिशतमा | -८.७ | -७.८ | -२.३ | -३.८ | -६.१ | -७.२ | -७.१ | -४.० |
| वस्तु आयात | प्रतिशतमा | -१.६ | -५.१ | १.७ | -७.७ | -३.४ | -३.१ | -२.३ | -२.७ |
| वस्तु व्यापार घाटा | प्रतिशतमा | -०.७ | -४.७ | २.१ | -३.३ | -३.१ | -२.६ | -१.८ | -२.५ |
| वैदेशिक लगानी आप्रवाह | प्रतिशतमा | ५४६.१ | २००.५ | ७९.१ | ६३.२ | ६३ | ७७.५ | ८२.६ | ८९.३ |

अन्य

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| कम्पनी दर्ता | सङ्ख्यामा | २१०२ | ४३९५ | ६९७५ | ८०८० | १००४२ | १२००७ | १४२५३ | १६५८६ |
| विनिमय दर ( $1 = रु. ...) | रुपैंयामा | १३२.४३ | १३२.८० | १३२.९५ | १३२.७४ | १३२.५१ | १३२.३८ | १३२.५६ | १३२.१४ |
| विद्युत् उपलब्धता, मासिक कुल | हजार मेगावाट घण्टा | १४६८ | १४५१ | १४५६ | ११८५ | ९७४ | ८८१ | ९२५ | ९३६ |
| विद्युत् निर्यात, मासिक कुल | हजार मेगावाट घण्टा | २५० | ३०४ | ४१० | ३७९ | ११५ | ३ | ० | ० |
| विद्युत् आयात, मासिक कुल | हजार मेगावाट घण्टा | ११ | १ | ० | ० | २८ | १६५ | ३२८ | ४०६ |
| कुल विद्युत माग, मासिक कुल | हजार मेगावाट घण्टा | १४७६ | १४५३ | १०५० | ८०७ | ८६१ | ८८७ | ९८१ | ९८८ |
| विद्युतको आन्तरिक खपत, मासिक कुल | हजार मेगावाट घण्टा | १२१८ | ११४७ | १०४७ | ८०६ | ८५८ | ८७८ | ९२५ | ९३६ |
| पर्यटक आगमन | हजारमा | ६७ | १५८ | २७५ | ३८४ | ४८१ | ५६० | ६५७ | ७८५ |
| श्रम स्वीकृति (नयाँ र पुनःश्रम स्वीकृति) लिने नेपाली | हजारमा | ५६ | १०६ | १६३ | २०६ | २७८ | ३४३ | ४०६ | ४७१ |

स्रोतः अर्थ मन्त्रालय/नेपाल राष्ट्र बैङ्क/उद्योग विभाग/कम्पनी रजिष्ट्रारको कार्यालय/विद्युत प्राधिकरण/नेपाल बीमा प्राधिकरण, २०८०